प्रदेश सरकार

प्रदेश नं.५

## सामाजिक विकास मन्त्रालय

बुटवल, रुपन्देही नेपाल

# प्रदेश नं ५ को प्रदेश स्तरीय COVID- 19 को शिक्षा तयारी तथा प्रतिकार्य योजना

१. प्रदेशको समग्र बस्तुस्थिति:

१) प्रदेश नं. ५ मा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रुपन्देही कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रोल्पा, रुकुमपुर्व, प्युठान, दाङ, बांके र बर्दिया, गरी बाह्र जिल्लाहरु रहेका छन । यस प्रदेसमका जिल्लाका १२ जिल्लामध्ये पहाडमा ६ जिल्ला र तराईमा ६ जिल्ला रहेका छन् प्रदेशमा ४ उपमहानगरपालीका, ३२ नगरपालिका र ७३ गाउँपालिकाहरु गरी कुल १०९ वटा स्थानीय तहहरु रहेका छन । क्षेत्रफलका हिसावले यो प्रदेश उत्तरमा पुथा हिमालदेखी दक्षिणमा मर्चवार सम्म, पुर्वमा त्रिवेणी सुस्तादेखी पश्चिममा राजापुरसम्म जम्मा १७,८१० वर्ग किलोमीटर भुभाग रहेको छ । नेपालको कुल क्षेत्रफलको १२.१ प्रतिशत हिस्सा यस प्रदेशले ओगटेको छ ।

२) जनगणना २०६८ बमोजिम कुल जनसंख्याको ४५,४०,२२२(१७.१४%) जनसंख्या यस प्रदेशमा रहेको छ यस प्रदेशमा रहेका तराईका ६ जिल्लाहरु भारतसँग सीमाना जोडिएका छन । उक्त ६ जिल्लामा नेपाल भारत ओहोर दोहोर गर्ने १८ वटा नाकाहरु र अन्य थप नाकाहरु अनौपचारिक रुपमा प्रयोगमा रहेका छन यी औपचारिक नाकाहरुबाट दैनिक लाखौं व्यक्तिहरुको आवत जावत हुनेगर्दछ ।

२. प्रदेश ५ को शिक्षाको बस्तुस्थिति:

१) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको FLASH Report 2018/19 अनुसार यस प्रदेशको सामुदायिक विद्यालयहरुको संख्या ५,३३७ रहेको छ भने संस्थागत विद्यालयहरु ९७५ र धार्मिक विद्यालयहरु ३३३ गरी जम्मा विद्यालयहरु ६,६४५ रहेका छन । त्यसैगरी यी विद्यालयहरुमा पठन पाठन गर्ने कक्षा १ देखी १२ कक्षा सम्मका विद्यार्थीहरुको जम्मा संख्या १,३६८,७१४ रहेको छ । जस मध्ये सामुदायीक विद्यालय तर्फ १,१२७,९३१ विद्यार्थीहरु, संस्थागत विद्यालय तर्फ २०९,७४० विद्यार्थी संख्या र धार्मिक तर्फ ३१,०४३

विद्यार्थी संख्या रहेको छ जसको वितरण यस प्रकार रहेको छ।

| | |
|---|---|
| कक्षा १ देखी ५ सम्मको विद्यार्थी संख्या ( सामुदायिक, संस्थागत र धार्मिकसहित ) | ७२६,१८९, |



गोपीकृष्ण खनाल
सचिव

| | |
|---|---|
| कक्षा ६ देखी कक्षा ८ सम्मको विद्यार्थी संख्या ( सामुदायिक, संस्थागत र धार्मिकसहित ) | ३७८,२८८, |
| कक्षा ९ देखी १० सम्मको विद्यार्थी संख्या ( सामुदायिक, संस्थागत र धार्मिकसहित) | २०१,५१२, |
| कक्षा ११ देखी १२ सम्मको विद्यार्थी संख्या (सामुदायिक, संस्थागत र धार्मिकसहित) | ६२,७३३ |

२) साथै सामुदायीक विद्यालयहरुमा अध्यापन गर्ने स्वीकृत दरवन्दिका शिक्षकहरुको संख्या १८,९९२ रहेको छ जस मध्ये

- कक्षा १ देखी ५ सम्म अध्यापन गर्ने शिक्षकहरु ( सामुदायीक विद्यालयहरुको मात्र ) १२,१७९,
- कक्षा ६ देखी ८ सम्म अध्यापन गर्ने शिक्षकहरु ( सामुदायीक विद्यालयहरुको मात्र ) ३८०८,
- कक्षा ९ देखी १० सम्म अध्यापन गर्ने शिक्षकहरु ( सामुदायीक विद्यालयहरुको मात्र ) १९४३,
- प्राविधिक शिक्षा अध्यापन गर्ने ( सामुदायीक विद्यालयहरुको मात्र ) २५२,
- कक्षा ११ देखी १२ सम्म अध्यापन गर्ने शिक्षकहरुको संख्या ८१० रहेको छ ।

३) साथै यस प्रदेशमामात्र प्रारम्भिक बालविकास केन्द्रहरुको संख्या ५,०९४ ( विद्यालयमा आधारीत संख्या ४७५५ र समुदायमा आधारीत ३३९ बालविकास केन्द्र) रहेका छन् । यी बालविकास केन्द्रहरुमा अध्ययनरत बालबालिकाहरु जम्मा २,०३,४१३ रहेका छन । जसमध्ये विद्यालयमा आधारित बालविकास केन्द्रका बालबालिकाहरु १९८,६८२ र समुदायमा आधारीत बालविकास केन्द्रमा अध्धयन गर्ने बालबालिकाहरु ४,७३१ रहेकाछन् ।

## ३. वर्तमान शैक्षिक परिवेशः

१) नेपालमा कोरोना भाईरस ( कोभिड १९) को दोस्रो विरामी २०७६ चैत्र १० मा देखिए पछि सरकारले देशभरनै लकडाउन (बन्दाबन्दी) को घोषणा गरेको छ । जसका कारण सामुदायिक, धार्मिक र संस्थागत सबै शैक्षिक संस्थाहरु अनिस्चितकालका लागि बन्द भएकाछन । कक्षा ११ र १२ को परीक्षा अर्को सूचना नआउन्जेलसम्मको लागि स्थगित गरिएको छ । चैत्र ६ गतेदेखि शुरु हुने भनिएको विद्यालय शिक्षा परिक्षा (एसईई) तथा चलिरहेका अन्य परीक्षाहरु एवम् प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषदले सञ्चालन गरिरहेका तथा गर्ने भनिएका सम्पूर्ण परीक्षाहरु अर्को सूचना नहुञ्जेल सम्मको लागि स्थगित गरिएका छन । राज्यले चौथो पटक २०७७ बैशाख १५ गतेसम्मको लागि लकडाउनको घोषणा गरिसकेको छ।

२) प्रदेश ५ को विभिन्न नाकाहरु र विदेशी मुलुकबाट आएका नेपालीहरुलाई राखको लागि विभिन्न जिल्लाका ६२ भन्दा बढी विद्यालयहरुलाई क्वारेन्टाईनका रुपमा प्रयोगमा ल्याईएको छ । समग्रमा हेर्दा, यस प्रदेशका १,३६८,७१४ विद्यालयमा अध्ययनगर्ने बालबालिकाहरु र २०३,४१३ बालविकास

केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुको शैक्षिक सुनिश्चितताको लागि प्रभावकारि कदमहरू चाल्नु पर्ने देखिएको छ।

४. <u>तयारी तथा प्रतिकार्य योजनाः</u>

१) लकडाउनको पहिलो अवस्थाः

- हालसम्म नेपालमा सानो सङ्ख्यामा मात्र मानिसहरुमा मात्रै कोरोनाभाइरस रोग (कोभिड-१९) पुष्टि भएको छ। रोग संक्रमणको अवस्था अर्को चरणमा प्रवेश गर्नबाट रोक्न सकिए विद्यालयहरु (प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र, पूर्व-प्राथमिक कक्षाहरु, परम्परागत विद्यालयहरु तथा संस्थागत विद्यालयहरुसमेत) केही समय सम्म बन्द नै गर्नुपर्ने अवस्था आउन सक्छ। कोभिडको महामारीको भयबाट समाजलाई भयमुक्त बनाउन र बालबालिकाहरुको शिक्षालाई निरन्तरता दिन विद्यालयहरु छिटो भन्दा छिटो खुलाउनु वा बालबालिकाहरुले अध्ययनलाई निरन्तरता दिने बाहेक अर्को विकल्प छैन । यस्तो अवस्थामा प्रदेश एवम् स्थानीय सरकारहरुले संघीय सरकारसँगको समन्वयमा प्रदेशको विभिन्न क्षेत्रहरुमा देखिएको कोरोनाभाइरस रोग (कोभिड-१९) अन्य क्षेत्रमा नफैलिए आंशिक रुपमा भएपनि विद्यालयहरु खुलाउन सकिन्छ । यसमा मुख्य प्रयास भने हाल देखिएको यो रोगलाई यथास्थितिमा रोक्ने र विद्यालयहरु र विद्यालयबाट समुदायमा फैलिन नदिनु नै हो । यसका लागि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुमा सामाजिक दूरी कायम राख्ने, विरामी भएमा स्वः एकान्तबासमा बस्ने, नियमित रुपमा साबुन पानीले मिचिमिचि हात धुने र सरसफाईमा विशेष ध्यान दिने जस्ता विषयहरुमा जनचेतनामूलक अभियानहरु सञ्चालन गर्नुपर्ने हुन्छ । यस्तो प्रतिकूल अवस्थामा महिला, छात्रा तथा किशोरीहरुमाथि हुन सक्ने सम्भावित हिंसाहरुलाई न्यूनिकरण गर्ने गरी सामुदायिक सचेतना अभियानहरुलाई पनि निरन्तरता दिनुपर्ने हुन्छ ।
- संघीय तहमा शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा कोरोनाभाइरस रोग (कोभिड-१९) बाट बच्ने तरिका एवम् वर्तमान लकडाउनको समयलाई सही रुपमा कसरी सदुपयोग गर्न सकिन्छ भन्ने विषयमा सचेतना बढाउने उद्देश्यले तयार पारिएको सूचनामूलक सन्देशहरु विभिन्न रेडियोहरुसंगको सहकार्यमा प्रदेशभरी नै प्रसारण भइरहेको छ । यी सन्देसहरुलाई प्रदेश शिक्षा समूहले प्रदेश ५ मा पनि निरन्तरता दिंदै सबै जिल्लाहरुमा प्रसारणको सुनिश्चीतता गर्नु आवश्यक छ। साथै विद्यालयहरु लामो समयसम्म बन्द गर्नुपर्ने अवस्था आएमा सिकाईका बैकल्पिक माध्यमहरुको खोजी र प्रयोग जस्तैः दुर शिक्षा शिक्षण विधि, स्वःअध्ययन, अनलाईन माध्यमबाट विद्यार्थीहरुको सिकाईलाई निरन्तरता, अभिभावकहरुबाट बालबालिकाहरुलाई शिक्षण सिकाई गर्ने विधि, सांकेतीक भाषा शिक्षण दिनका लागि प्रदेशभरीमा कार्यरत सरकारी निकायहरु, संयुक्त राष्ट्र संघ विकास नियोगहरु, अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरु, सञ्चार माध्यमहरु, नीजि क्षेत्रहरु, प्याब्सन, एनप्याबसन तथा आमा समूह एवम् सिमान्तकृत समुदायको सशक्तिकरणमा क्रियाशील समूह एवम् संस्थाहरुसंग के कस्ता श्रोतहरु छन्,

नक्साङ्कन गरिनु आवश्यक छ । यसरी गरिने श्रोत नक्साङ्कनमा प्रदेशको खासगरी ग्रामिण क्षेत्रमा डिजिटल पहुँच, क्षमता तथा भरपर्दोपना समेतको लेखाजोखा गरिनु आवश्यक छ ।

२) लकडाउनको दोश्रो अवस्थाः

- कोरोनाभाइरस रोग (कोभिड-१९) को प्रकोप बढ्न गई विद्यालयहरु (प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र, पूर्व-प्राथमिक कक्षाहरु, परम्परागत विद्यालयहरु तथा संस्थागत विद्यालयहरुसमेत) तिन महिनाभन्दा बढी समयसम्म बन्द गर्नुपर्ने अवस्था आएमा प्रदेश सरकारले, संघीय सरकार, स्थानीय तह तथा शिक्षा समूहका सदस्यहरुसंगको समन्वय एवम् सहकार्यमा दूर शिक्षा तथा अनलाईन माध्यमबाट शिक्षा प्रदान गर्ने गरी श्रोतहरु परिचालन गर्नेछ । यसका साथै सिकाईका अन्य बिकल्पहरु जस्तैः शिक्षकले घरबाटै सहजीकरण गर्न सक्ने शिक्षण सिकाइका सामग्री तथा गृहकार्यहरु तयार पार्ने, पुस्तकालयमा भएका पुस्तकहरु विद्यार्थीहरुलाई घरमै लगेर अध्ययन गर्ने व्यवस्था मिलाउने, रेडियो तथा टेलिभिजनको माध्यमबाट कक्षाहरु सञ्चालन गर्ने रणनीति पनि अवलम्बन गरिनेछ । यसरी तपसिल बमोजिमका उपाय तथा प्रयासहरु मार्फत् विद्यार्थीहरुको सिकाईमा आएको अवरोधलाई न्यूनिकरण गरी तथा उनीहरुको सिकाईलाई निरन्तरता दिइनेछ।
  १. इन्टरनेट तथा अन्य उपकरणहरु उपलब्ध भएको स्थानहरुमा अनलाईन प्रविधिको माध्यमबाट शिक्षण सिकाई कार्यलाई निरन्तरता दिने ।
  २. रेडियो, टेलिभिजन, मोबाईल एप्स आदिको माध्यमबाट कक्षाहरु सञ्चालन गर्ने ।
  ३. पुस्तक तथा अन्य सिकाई सामग्रीहरु विद्यार्थीहरुको घरसम्मै पुऱ्याई घरमै बसेर स्वःअध्ययन गर्न प्रोत्साहन र सहयोग गर्ने ।
  ४.विद्यार्थीहरुको स्वःअध्ययन प्रकृयालाई व्यवस्थित तथा प्रभावकारी बनाउन टेलिफोन/मोबाईल, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, मोबाईल एप्स आदिको माध्यमबाट शिक्षकले सहजीकरण र सहयोग गर्ने ।

- विद्यार्थीहरुको सिकाई निरन्तरताको सन्दर्भमा स्थानीय सरकार, सामुदायिक सिकाई केन्द्र तथा विद्यालयहरुले सिकाई सामग्रीहरु बालबालिकाहरुको घरसम्म पुऱ्याउन सहयोग गर्नेछन् । रेडियो, टेलिभिजन, मोबाईल एप्स तथा सामाजिक सञ्जालहरुको माध्यमबाट विद्यालय बन्द भएता पनि अध्ययन सामग्री वितरण तथा त्यसको सही सदुपयोग, सामाजिक दूरी कायम राख्ने, साबुन पानीले मिचिमिचि हात धुने लगायत्का ब्यक्तिगत सरसफाई तथा स्वच्छतासंग सम्वन्धित विषयहरुमा जानकारी गराइनेछ । यस विशेष परिस्थितिमा शिक्षक, अभिभावक तथा विद्यार्थीमा आउन सक्ने मनोसामाजिक समस्याहरुलाई सम्वोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवाहरु पनि उपलब्ध गराईनेछ ।

५. प्रदेश कोरानाभाइरस रोग (कोभिड-१९) पूर्वतयारी तथा शिक्षा प्रतिकार्य योजनाको उद्देश्यः

१) विद्यालय तथा विद्यार्थीहरुको माध्यमबाट विद्यालयमा वा समुदायमा कोरानाभाइरस रोग (कोभिड-१९) प्रसार हुनबाट रोक्न तथा विद्यार्थीहरुको सिकाई प्रकृयालाई निरन्तर रुपमा सञ्चालन गर्ने कार्यमा मार्गदर्शन प्रदान गर्न यो शिक्षा पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएकोछ । यसका मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्,

- शिक्षण संस्थाहरुको माध्यमबाट हुन सक्ने कोरानाभाइरस रोग (कोभिड-१९) को प्रसारलाई रोकथाम गर्ने ।
- लामो समय सम्म शिक्षण संस्थाहरु बन्द हुन गएको खण्डमा इण्टरनेट, रेडियो, टेलिभिजन, मोबाईल एप्स तथा विद्यार्थीहरुले घरमै बसेर प्रयोग गर्न सक्ने पुस्तक तथा सन्दर्भ सामग्रीहरुको माध्यमबाट विद्यार्थीहरुको सिकाईलाई निरन्तरता दिने । यसरी सामग्रीहरु तयार तथा वितरण गर्दा प्रारम्भिक कक्षाका बालबालिकाहरु, अपाङ्गता भएका बालबालिकाहरु तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको आवश्यकतालाई विशेष ध्यान दिइनेछ ।
- विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।
- विद्यार्थीहरुको सिकाई निरन्तरताको निम्ति प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र, विद्यालय तथा अनौपचारिक शिक्षा केन्द्रहरुलाई सहयोग पुऱ्याउन सम्बन्धित सबै सरोकारवालाहरू, सङ्घीय सरकार, स्थानीय तह, संयुक्त राष्ट्र सङ्घीय विकास नियोग, गैर सरकारी संस्थाहरु, नीजिक्षेत्र तथा सञ्चार माध्यमहरुसँग समन्वय र सहकार्य गर्ने ।
- शैक्षिक संस्थाहरुमा सुरक्षित सिकाई वातावरण सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र, सामुदायीक, संस्थागत र धार्मिकविद्यालयहरु तथा विद्यालयहरुका सेवा क्षेत्र भित्रका समुदायमा विभिन्न किसिमका सचेतनामूलक कार्यहरु सञ्चालन गर्ने ।

६. प्रदेश ५ मा शिक्षा समुहले पूर्वतयारीका लागि गर्ने मूख्य क्रियाकलापहरुः

१) **प्रदेश स्तरीय शिक्षा समूह गठन तथा परिचालनः** सामाजीक विकास मन्त्रालयको नेतृत्वमा मिति २०७६।१२।१७ गतेका दिन फोनको माध्यमबाट शिक्षा क्षेत्रमा कार्यरत सरकारी कार्यालयहरु, युनिसेफ, सेभद चिल्ड्रेन, प्लान इन्टरनेसनल, रुम टु रीड, केयर, सेतोगुंरास, इजीआरपी, सेफर स्कुल परियोजना लगाएतका अन्तराष्ट्रीय र राष्ट्री संघ संस्थाहरु समेत २१ सदस्य सहितको प्रदेश स्तरीय शिक्षा क्लस्टर समुह गठन गरिसकिएको छ । साथै भाईवर र जिमेलमा पनि यो समुहलाई एकबद्धता गरी नियमित बैठक बस्ने गरिएको छ । यस समुहमा सदस्यता रहने प्रावधानलाई खुल्लानै राखिएकोछ र आवश्यकता अनुसार यसका सदस्यहरुलाई बृद्धि गर्दै लगिनेछ । प्रदेश शिक्षा समूहको सदस्यहरुको विवरण अनुसुचि १ मा राखिएको छ।

२) **शिक्षक तथा विद्यार्थीहरुको तथ्याङ्क अद्यावधिक गर्ने:** यस प्रदेशको जम्मा विद्यालयहरु, शिक्षक विवरण, र विद्यार्थी संख्या सहित बालविकास केन्द्रहरुको तथ्यांक अद्यावधिक गरिएको छ । साथै जिल्लागत रुपमा यो तथ्यांक अध्यावधिक गर्ने र यहि तथ्याङ्कको आधारमा शिक्षा प्रतिकार्य योजना बनाईने छ ।

३) **इण्टरनेट, रेडियो तथा टेलिभिजनको पहुँच लेखाजोखा:** प्रदेश ५ को सबै १२ ओटा जिल्ला तथा १०९ ओटा स्थानीय तहहरुमा इण्टरनेट, मोबाईल एप्स, रेडियो तथा टेलिभिजन आदि सञ्चार माध्यमहरुको पहुँचको लेखाजोखा/विश्लेषण गरिनेछ । यसले गर्दा बन्दाबन्दी (लकडाउन) को समयमा पनि दुर शिक्षाको माध्यमबाट विद्यार्थीहरुको सिकाई प्रकृयालाई सुचारु राख्न योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्न सजिलो हुनेछ ।

४) **तयारी कार्यको अनुगमन तथा आवश्यकतानुसार सहयोग गर्ने:** विद्यालय, शिक्षक, विद्यार्थी तथा सामुदायिक सिकाई केन्द्रहरुको संख्या यकिन, सञ्चार माध्यमहरुको पहुँच लेखाजोखा तथा विश्लेषण र तहगत एवम् विषयगत रुपमा शिक्षकहरुको समूह निर्माण तथा अभिमूखीकरण गरीसकेपछि यी सबै प्रकृया तथा कार्य प्रगतिहरुको शिक्षा समूह, शिक्षा विकास तथा समन्वय ईकाइहरु तथा स्थानीय तहहरु मार्फत् नियमित रुपमा अनुगमन गरिनेछ । यस क्रममा देखिएका समस्याहरुलाई यथासक्य चाँडो सम्वोधन र व्यवस्थापन गरिनेछ ।

५) **नियमित समन्वय:** सामाजिक विकास मन्त्रालय, शैक्षिक योजना तथा अनुसन्धान महाशाखाले सङ्घीय सरकार, स्थानीय सरकारहरु, सञ्चारगृह, नीजि क्षेत्र तथा शिक्षा समूहका सदस्यहरुसंग नियमित रुपमा समन्वय र सहकार्य गर्नेछन् । यसप्रकारको समन्वयले सम्बन्धित सबै सरोकारवालाहरुमा प्रदेश कोरानाभाइरस रोग (कोभिड-१९) पूर्वतयारी तथा प्रतिकार्य योजनाका उद्देश्यहरु, कार्यान्वयन प्रकृया, साझा दायित्व, वर्तमान अवस्था तथा आगामी दिनमा गर्नुपर्ने कार्यहरुको बारेमा साझा बुझाई आउँछ भने कार्यान्वयन प्रकृया सहज रुपमा अगाडी बढ्नेछ।।

६) **सचेतना तथा शिक्षामूलक सन्देश प्रवाह:** सामाजिक विकास मन्त्रालय, शैक्षिक योजना तथा अनुसन्धान महाशाखाले स्थानीय तहहरु, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाईहरु, सामाजिक विकास डिभिजन कार्यालयहरु, प्रविधिमैत्री शिक्षक समाज, शिक्षक महासङ्घ, प्याब्सन तथा एनप्याब्सन,शिक्षा समूहका सदस्यहरु तथा संचार गृहहरुसंगको सहकार्यमा विद्यार्थी, शिक्षक तथा अभिभावकहरुलाई लक्षित गरी कोरानाभाइरस रोग (कोभिड-१९) बाट आफू जोगिन, अरुमा प्रसार हुनबाट रोक्न तथा विद्यालय बन्द तथा लकडाउनको अवधिमा पनि कसरी राम्ररी उपयोग गर्न सकिन्छ भन्ने विषयमा स्थानीय रेडियोहरुबाट सचेतना तथा शिक्षामूलक सन्देश प्रवाह गर्नेछ ।



गोपीकृष्ण खनाल
सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# प्रदेश ५ को शिक्षा प्रतिकार्य योजना

| सि.न. | क्रियाकलाप | इकाई | परिमाण | श्रोत व्यवस्थापन | | | | कार्यान्वयन समय | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सामाजिक विकास मन्त्रालय | स्थानीय सरकार | साझेदार संस्थाहरु | नीजि क्षेत्र | | | |
| १ | क्वारेन्टाइन संचालन भएका विद्यालयहरुको विस्तृत विवरण अध्यावधिक गर्ने | विद्यालय | | ✓ | ✓ | ✓ | ✓ | एक हप्ता भित्र | स्थानीय तह,सामाजीक विकास मन्त्रालय, युनिसेफ, प्लान इन्टरनेशनल, सेभद चिल्ड्रेन | |
| २ | प्रदेशस्तरीय शिक्षा क्लस्टर समुह गठन र नियमीत बैठक | पटक | आवश्यकता अनुसार | ✓ | ✓ | ✓ | ✓ | नियमित | सामाजिक विकास मन्त्रालय र सहयोगी संस्थाहरु | |
| ३ | इण्टरनेट, रेडियो तथा टेलिभिजनको पहुँच लेखाजोखा | स्थानीय तहहरु | १०९ | ✓ | ✓ | ✓ | ✓ | एक हप्ता | शिक्षा क्लष्टर | |
| ४ | जिल्लागत रुपमा विद्यार्थीहरु, शिक्षक, विद्यालयहरु र बालविकास केन्द्रको तथ्यांक अध्यावधिक गर्ने | जना /वटा | ६५०० | ✓ | ✓ | ✓ | ✓ | एक हप्ता | शिक्षा क्लष्टर | |
| ५ | सचेतना तथा शिक्षामूलक सन्देशहरु रेडियो र टिभि मार्फत प्रवाह | दैनिक घण्टा | | ✓ | ✓ | ✓ | ✓ | विद्यालय नियमित नहुदा सम्म | विद्यालय,स्थानीय तह,साविम, युनिसेफ, प्लान इन्टरनेशनल, सेभद चिल्ड्रेन | |
| ६ | क्वारेन्टाइन को रुपमा प्रयोग भएका विद्यालय परिसर र कक्षा कोठाहरुको निर्मलीकरण र सरसफाई | विद्यालय | २०० | | ✓ | | | विद्यालय खोल्नु अगाडि | विद्यालय ,स्थानीय तह र साझेदार संस्थाहरु | |

गोपीकृष्ण खनाल
सचिव

| सि.न. | क्रियाकलाप | इकाई | परिणाम | श्रोत व्यवस्थापन | | | | कार्यान्वयन समय | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सामाजिक विकास मन्त्रालय | स्थानीय सरकार | साझेदार संस्थाहरु | नीजि क्षेत्र | | | |
| ७ | क्वारेन्टाइनको रुपमा प्रयोग भएका विद्यालयको शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई मनोसामाजीक परामर्श | जना | १५०० | | | ✓ | | विद्यालय खोल्नु अगाडी | युनिसेफ, प्लान इन्टरनेशनल, सेभद चिल्ड्रेन केयर | |
| ८ | सम्पर्क नम्बरहरु सवै विद्यालयहरुमा राख्ने र बालबालिकाहरुलाई बताउने | जना | १३०० ००० | | ✓ | | | पहिलो हप्ता | विद्यालय र स्थानीय तह | |
| ९ | विद्यालयहरुमा दैनिक ज्वरो नापन र विरामीलाई स्वास्थ्य संस्थामा रीफर | विद्यालय | ६५०० | | ✓ | | | विद्यालय खुले पछि | स्थानीय तह विद्यालय | |
| १० | वैकल्पिक सिकाइ विधिहरुको विश्लेषण तथा तयारी | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | दोस्रो हप्ता | स्थानीय तह, साविम युनिसेफ, प्लान,सेभ र केयर | |
| ११ | दूर शिक्षा सहजीकरणको लागि शिक्षकहरुलाई भर्चुअल अभिमूखीकरण तालिम | पटक | १ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, सामाजीक विकास मन्त्रालय, युनिसेफ, प्लान,सेभ द चिल्ड्रेन केयर | |
| १२ | दूर शिक्षा +भर्चुअल माध्यमबाट सिकाई निरन्तरता व्यवस्थापन | कक्षा | निरन्तर | ✓ | ✓ | ✓ | | लकडाउन जारी रहदै | स्थानीय तह,सामाजीक विकास मन्त्रालय, युनिसेफ, प्लान सेभद चिल्ड्रेन, केयर | |

| सि.न. | क्रियाकलाप | इकाई | परिणाम | श्रोत व्यवस्थापन | | | | कार्यान्वयन समय | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सामाजिक विकास मन्त्रालय | स्थानीय सरकार | साझेदार संस्थाहरु | नीजि क्षेत्र | | | |
| १३ | भर्चुअल स्वःसिकाई सामग्रीहरुको निर्माण, वितरण तथा प्रयोग | सेट | | ✓ | ✓ | ✓ | ✓ | लकडाउन लम्बिने भएमा तेस्रो हप्ता देखि | स्थानीय तह,सामाजीक विकास मन्त्रालय, युनिसेफ, प्लान इन्टरनेशनल, सेभद चिल्ड्रेन केयर | |
| १४ | सहपाठी समुह निर्माण | समुह | ४०००० | ✓ | ✓ | ✓ | ✓ | लकडाउन समय भित्र | विद्यालय र स्थानीय तह | |
| १५ | नयाँ कक्षाका पाठ्यपुस्तकको आपुर्ति | सेट | १४ लाख | ✓ | ✓ | | | लकडाउन समय भित्र | विद्यालय,स्थानीय तह र पुस्तक विक्रेता | |
| १६ | विद्यालय स्तरमा महामारीमा बालवालिका संरक्षण तथा सिकाइ योजना निर्माण | विद्यालय | ६००० | ✓ | ✓ | ✓ | ✓ | लकडाउन पछि विद्यालय खोल्नु अगाडी | विद्यालय स्थानीय तह सहयोगी संस्थाहरु | |
| १७ | सिकाई उपलब्धी तथा कार्यक्रम प्रभावकारिता लेखाजोखा | पटक | ६००० | ✓ | ✓ | ✓ | ✓ | महामारी समाप्ति पछि | स्थानीय तह विद्यालय ,सामाजीक विकास मन्त्रालय, युनिसेफ, प्लान इन्टरनेशनल, सेभद चिल्ड्रेन केयर | |
| १८ | शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई सचेतना कार्यक्रम | स्थानीय तह | १०९ | | ✓ | ✓ | | विद्यालय खुलेपछि | विद्यालय स्थानीय तह र सहयोगी संस्थाहरु | |
| १९ | विद्यालयहरुमा नियमित साबुन पानीले हात धुने र सामाजिक दुरी कायम राख्ने तरिका को जानकारी | विद्यालय | ६००० | | ✓ | ✓ | ✓ | विद्यालय खुले पछि | विद्यालय स्थानीय निकाय र सहयोगी संस्थाहरु | |

## शिक्षा प्रतिकार्य समूह प्रदेश नं ५

| क्र स | नाम | पद र कार्यालय |
|---|---|---|
| १ | डा. गोपीकृष्ण खनाल | सचिव |
| २ | मनोजकुमार गैरे | नि.निर्देशक , शिक्षा तथा सामाजिक विकास निर्देशनालय |
| ३ | टिकारामा अर्याल | उपसचिव, सामाजिक विकास मन्त्रालय |
| ४ | थानेश्वर ज्ञवाली | उपसचिव, सामाजिक विकास मन्त्रालय |
| ५ | भोजबहादुर केसी | उपसचिव, शिक्षा तथा सामाजिक विकास निर्देशनालय |
| ६ | यमबहादुर के सी | तालिम प्रमुख शिक्षा तालिम केन्द्र |
| ७ | नरेन्द्र बेल्वासे | डिभिजन प्रमुख,सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तु |
| ८ | दिवाकर भण्डारी | डिभिजन प्रमुख,सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही |
| ९ | **लोकराज पन्थी** | उपसचिव, शिवपुर नगरपालिका कपिलवस्तु |
| १० | **हरिलाल अर्याल** | शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय |
| ११ | **बेगम के सी** | शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय |
| १२ | माधव बन्जाडे | डिभिजन प्रमुख,सामाजिक विकास डिभिजन कार्यालय, दाङ |
| १३ | रामकरण पाल | डिभिजन प्रमुख,सामाजिक विकास डिभिजन कार्यालय, बाँके |
| १४ | लक्ष्मण ज्ञवाली | डिभिजन प्रमुख,सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा |
| १५ | विष्णु भुसाल | डिभिजन प्रमुख,सामाजिक विकास डिभिजन कार्यालय, प्युठान |
| १६ | **मञ्जु वाग्ले** | **शिक्षा अधिकृत, युनिसेफ भैरहवा** |
| १७ | **शितेस तिवारी** | **शिक्षाविज्ञ , केयर नेपाल** |
| १८ | आत्मराम भट्टराई | शिक्षा प्राविधिक विशेषज्ञ, सेभद चिल्ड्रेन |
| १९ | प्रेम चन्द | प्रोजेक्ट कोओर्डिनेटर, सेभ द चिल्ड्रेन |
| २० | **सन्जिव जोशी** | शिक्षा कोओडिनेटर, प्लान इन्टरनेशनल , बांके |
| २१ | **सुमित्रा सुवेदी** | कार्यक्रम संयोजक, सेतो गुंरास रुपन्देही |
| २२ | हरीप्रसाद लौडारी | किर्डाक नेपाल, शिवराज नगरपालिका |

गोपीकृष्ण खनाल
सचिव